मदन पुरस्कार पुस्तकालय
MADAN PURASKAR PUSTAKALAYA

P.O. Box: 42, Patan Dhoka, Lalitpur, Nepal Tel: 977-1-5521393, 5549948 Fax: 977-1-5536390 Email: info@mpp.org.np URL: http://www.madanpuraskar.org

Ref.no. :MPP/ 133/2067-068

मिति: २०६८।०२।११

# हार्दिक आभार

नेपाली भाषाका पुस्तक प्रकाशनको करिब १५० वर्ष लामो इतिहासमा कूल कति पुस्तकहरू प्रकाशित भए वा के-के पुस्तकहरू प्रकाशित भए भन्ने कुराको आधिकारिक तथ्याङ्क उपलब्ध हुन नसकेपनि पुस्तक, पत्रपत्रिका, पर्चापम्पलेट लगायतका सामग्रीहरू सङ्कलन तथा संरक्षणमा ५० वर्ष लामो समय व्यतित गरेको मदन पुरस्कार पुस्तकालय (मपुपु)ले हालसम्म ३०,००० (तीस हजार पुस्तक)हरू सङ्कलन गरेको जानकारी गराउँछौं। मपुपुमा सङ्कलित तथा संरक्षित पुस्तकहरूले नेपाली भाषामा प्रकाशित सम्पूर्ण पुस्तकहरूको प्रतिनिधित्व गर्दैन र यहाँ नभएका हजारौं पुस्तक, पत्रपत्रिका तथा पर्चापम्पलेट्हरू अन्य संस्था, व्यक्ति वा पुस्तकालयमा पनि संरक्षित रहेका हुन सक्छन्। तथापि नेपाली भाषामा प्रकाशित सामग्रीहरूको सबैभन्दा ठूलो सङ्कलक तथा संरक्षकका हैसियतमा पुस्तक-पुस्तिका लेखन, उत्पादन र बिक्री-वितरणमा लाग्नुहुने सम्पूर्ण महानुभावहरूप्रति पुस्तकालय परिवार हार्दिक आभार प्रकट गर्दछ। यहाँहरूको माया तथा सहयोगका कारणले नै हामीले यति धेरै पुस्तक, पत्रपत्रिका तथा अन्य सामग्रीहरू सङ्कलन गरेर त्यसको संरक्षण गर्न सकेका हौं।

स्मरण रहोस्, मपुपुमा ५,००० भन्दा बढी शीर्षकका पत्रपत्रिका, १५,००० भन्दा बढी पर्चा-पम्पलेट, १५,००० भन्दा बढी पुराना तस्वीरहरू, ४०,००० को हाराहारीमा नयाँ तस्वीर तथा १,०००को हाराहारीमा अडियो-भिडियोहरू पनि सङ्कलित तथा संरक्षित छन्।

पुस्तकालयले हिजोका दिनमा पाएको यहाँहरूको सहयोगको निरन्तरताको अपेक्षा गर्दछ र सङ्कलित सबै पुस्तक-पुस्तिका तथा पत्रपत्रिकाहरूका कम्तिमा केही भागहरू यसै वर्षदेखि अनलाइन मार्फत् सार्वजनिक गर्ने घोषणा गर्दछ। विस्तारै, यहाँ जम्मा भएका सबै सामग्रीहरू अनलाइन राखिनेछ र सबैको पहुँचमा पुऱ्याइनेछ। यी सामग्रीहरूको संरक्षण र सङ्कलनले लेखक, प्रकाशक तथा मुद्रकहरूका कृतिहरूलाई भविष्यका निम्ति सुरक्षित राखिदिने हुनाले यहाँले प्रकाशित गर्नुभएका कुनैपनि सामग्रीहरूलाई हामीकहाँ पठाइदिनु होला। यहाँका सामग्रीहरू हामीकहाँ आए-नआएको जानकारीका लागि मदन पुरस्कार पुस्तकालयको वेबसाइट www. madanpuraskar.org हेर्नुहोस्।

साजन सुवेदी